INHURED International has Special Consultative Status with ECOSOC of United Nations.
Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

इन्हुरेड इन्टरनेशनल
**INHURED INTERNATIONAL**
International Institute for Human Rights, Environment and Development
institut international des droits de l'personne, de l'environnement et du developpment

# कान्तिपुरमा प्रकाशित लेखकप्रति ध्यानाकर्षण

*ललितपुर, २०६६ वैशाख ३१ गते ।*

कान्तिपुरको वर्ष १७ अंक ८५, २०६६ वैशाख ३० गते बुधबार तदनुरुप मे १३ का दिन कान्तिपुर दैनिकको पृष्ठ ९ मा **"सडकबाटै छिनोफानो गर्ने ?"** शीर्षकमा अच्युत वाग्लेद्वारा लेखिएको लेख अन्तर्गत **"न्याय निरुपण सडकबाट"** उपशिर्षकको पाचौं लाइनमा **"यसको सम्वैधानिकतलाई नै चुनौती दिंदै माओवादी आफैले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ, जसमाथि कारण देखाउ आदेशसमेत आइसकेको छ ।"** भन्ने उद्धरणप्रति इन्हुरेड इन्टरनेशनलको गम्भीर ध्यानाकर्षण भएको छ ।

हामी सम्पादक महोदयलाई एक पटक ध्यानाकर्षण गराउन चाहन्छौं कि सर्वोच्च अदालतमा राष्ट्रपति समेतलाई विपक्षी बनाइ दायर गरिएको रिट निवेदन **इन्हुरेड इन्टरनेशनल**बाट दायर गरिएको हो जुन समाचार यहाँहरुकै संचारमाध्यम एवं अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचार माध्यमले समेत प्राथमिकता दिई सम्प्रेषण गरेको कुरा अवगत नै छ । मानव अधिकारको क्षेत्रमा विगत दुई दशकदेखि अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको मानव अधिकारकर्मी संस्था तथा संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद्को परामर्शदातृ हैसियत प्राप्त नेपालको पहिलो गैर सरकारी संस्था जसले सार्वजनिक सरोकारका विभिन्न विषयहरुमा रिट दायर गर्दै आइरहेको सर्वविदितै भएको कुरा हो । यसै पृष्ठभूमिमा संस्थाद्वारा पुनः यस गम्भीर विषयमा दायर गरिएको रिटलाई राजनीतिक दलसँग जोड्न खोजिएको उक्त लेखको आसयप्रति हाम्रो गम्भीर आपत्ति छ ।

कान्तिपुर जस्तो सम्वेदनशील संचार माध्यमले यस खालको समाचारको कुनै विश्लेषण र सम्पादन नै नगरी प्रेसित गरिनुले संचार माध्यमको लापरवाही वा गलत नियत हो भन्ने कुरा आम जनताले स्पष्ट बुझ्ने छन् । साथै, लेखक महोदयले वास्तविक तथ्य नै नबुझी वा गलत नियत राखी लेखिएका लेखले जनसमुदायमा सचेतना बढाउने नभई भ्रम सिर्जना हुनुका साथै उहाँको बौद्धिकता नभई व्यक्तिगत विलासिता मात्र भएको ठहर हुन जान्छ ।

हामी कान्तिपुर दैनिकका समस्त पाठकमा राष्ट्रपतिको असम्वैधानिक कदमको विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको सन्दर्भ बिल्कुलै कानुनी राजको पक्ष पोषणमा मानव अधिकारकर्मी संस्थाबाट गरिएको पहल हो भन्ने कुरा यसै ध्यानाकर्षण मार्फत जानकारी लिन आग्रह गर्दछौं ।

अभयराज जोशी
संचार विभाग प्रमुख

GPO Box 12684, Kathmandu, Ceasefire House, Jhamsikhel, Lalitpur-2, Nepal, Tel : 977-1-5520054, 5547616 Fax : 977-1-5520042
Email: inhured@ntc.net.np, www.inhurednepal.org
Office of the UN Representative: 67-14, 41st Ave, Suite # 7A, Woodside, NY 11377, Tel: 917-742-7566 Fax: 718-706-6446